
# खण्ड एक

# परिचय


नेपाल
संकेत
अन्तर्राष्ट्रिय सिमाना
राजमार्ग
अञ्चल सिमाना
जिल्ला सिमाना
सहायक मार्ग
हिउँदे सडक
नदी
राजधानी
विकास क्षेत्र, अञ्चल, जिल्लाको सदरमुकाम
चीन
(तिब्बत)
भारत
Digital Elevation Model: MENRIS

# परिचय

जनगणनाबाट प्राप्त तथ्याङ्कहरूलाई सूचकहरूमा एकत्रित गर्नु भनेको तालिकाबद्ध तथ्याङ्कहरू भित्र रहेका विस्तृत तथा जटिल सूचनाहरूलाई सरलीकरण गर्नु हो । गणनाबाट आएका परिणामहरूको तात्पर्य बुझ्न चाहने र आफ्ना योजना कार्यक्रमहरूको मार्गदर्शनका लागि ती सूचकहरूको प्रयोग गर्न चासो राख्ने उपयोगकर्ताहरूका लागि यस्ता सूचकहरूसम्म पहूँच पुऱ्याउनु तथ्याङ्कीय सूचकहरूलाई एकीकृत गर्ने कार्यको एउटा उद्देश्य हो । यस्ता सूचकहरूले निर्णयकर्ताहरूलाई भविष्यका कार्यहरूका लागि सही लक्षहरू निर्धारण गर्नुका साथै यसले हामीलाई वर्तमान अवस्थाबारे जान्न र निर्धारित लक्ष अनुरुप कार्य प्रगतिको अनुगमन गर्न समर्थ बनाउँछ । जनगणनाबाट प्राप्त हुने सूचकहरूले देशको स्थितिको सामाजिक-आर्थिक अभिव्यक्तिको रुपमा कार्य गर्दछ । यसका साथै विकास योजनाहरूका लागि यस्ता सूचकहरू र सम्बन्धित अन्य तथ्याङ्कहरूको पहिचान अर्थात् महत्व दिन प्रति दिन बढ्दै गएको पाईन्छ । कम्प्युटराइज्ड भू-सूचना प्रणालीमा आधारित नयाँ पद्धति अर्थात् साधनहरू र योसंग सम्बन्धित कम्प्युटराइज्ड प्रविधिहरूको आगमन वा सिर्जनाको अर्थ आजकल तथ्याङ्कीय सूचकहरूलाई विषयगत नक्शाहरूमा तुलनात्मक हिसाबले सरलढङ्गबाट प्रस्तुत गर्न सकिने हुनु हो । यस खालको प्रस्तुतीकरणले देशको वा यस अन्तर्गत कुनै निश्चित भूभागको तथ्याङ्कीय सूचनाहरूको भौगोलिक वितरण र भिन्नतालाई छिटो-छरितो र दृष्य चित्रण मार्फत् बुझ्न मद्दत पुऱ्याउँछ । यस्ता विषयगत नक्शाहरू नीति योजनाहरू तर्जुमा गर्न साथै सही (महत्वपूर्ण) निर्णयहरू गर्नका लागि प्रभावकारी सामग्री भएका छन् । यस्ता नक्शाहरूको उपयोगबाट गरिएका निर्णय तथा काम कारवाहीहरूले जनताको जीवनमा दीगो र सकारात्मक प्रभाव पारेको हुनेछ । विक्रम संवत् २०५८ मा सम्पन्न भएको नेपालको जनगणनाबाट प्राप्त भएका तथ्याङ्कहरूलाई सारिणीबद्ध गरी केन्द्रीय तथ्याङ्क विभाग र UNFPA को सह-प्रकाशनको रुपमा Population Census 2001: National Report भन्ने पुस्तक वि.सं. २०५९ मा प्रकाशित भएको थियो । यस प्रकाशनमा ४ वटा महत्वपूर्ण तथ्याङ्कीय सूचकहरूलाई नक्शामा पनि प्रस्तुत गरिएको छ । नेपालमा धेरै पहिलेदेखि नै जनगणनाका सूचकहरू र प्रवाह विश्लेषण पनि एकैसाथ भएको धेरै बिस्तृत मानचित्रावली (Atlas) को आवश्यकता भएको महशुस गरिएको छ । जे भए पनि, यो प्रकाशन जनगणनाबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तयार गरिएको सूचकहरूको बिस्तृत मानचित्रावली बनाउने प्रथम प्रयास हो ।

प्रस्तुत **"नेपालको जनगणना २०५८ का सूचकहरू तथा प्रवाह नक्शाङ्कन"** नामक पुस्तक केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को संयुक्त सहकार्यको परिणाम हो । यस पुस्तकमा जनगणना २०५८ बाट संकलित तथ्याङ्कहरूका अतिरिक्त अन्य स्रोतहरूबाट संकलित सहायक तथ्याङ्कहरूको समेत उपयोग गरी जिल्लागत तहमा विभिन्न आर्थिक-सामाजिक सूचकहरूको सार निकाल्ने प्रयास गरिएको छ । यसका साथै प्रस्तुत पुस्तकमा साझा सूचक चलहरूको प्रयोग गरी बर्तमान तथा विगतका गणनाहरूका तथ्याङ्कीय सूचकहरूमा आधारित प्रवाह विश्लेषण पनि प्रस्तुत गरिएको छ । २०५८ का सूचकहरू र प्रवाह सूचकहरूलाई बिषयगत शीर्षकहरू (thematic headings) अन्तर्गत समूहकृत गरिएका छन् । यो पहिलो शुरुवात्को प्राथमिक उद्देश्य नीति निर्माणकर्ताहरू, विकासकर्मीहरू, अनुसन्धानकर्ताहरू र सम्बन्धित सबैलाई सहयोग पुगोस् भन्ने हेतुले विभिन्न समयावधिको प्रवाह सूचकहरूलाई पनि समावेश गरी छानिएका केही प्रमुख सूचकहरूको जिल्लागत वितरणलाई मानचित्रावलीमा उतारी नेपालको नवीनतम सामाजिक-आर्थिक सूचनाहरूलाई प्रस्तुत गर्नु हो । अन्य विशेष उद्देश्यहरू निम्न प्रकारका छन् :-

- जनगणना २०५८ को नतीजाहरूमा आधारित जिल्लागत तहमा जनसंख्या, सामाजिक र आर्थिक सूचकहरू तयार गर्नुह
- वि.सं. २०२८, २०३८, २०४८, २०५८ का जनगणनाहरूबाट प्राप्त तथ्याङ्कमा आधारित साझा आर्थिक सूचकहरूको प्रवाह विश्लेषण तयार गर्नुह र
- पुस्तकको रुपमा मानचित्रावली तयार गर्नुका साथै यसै अनुरुप माथि उल्लेखित सबै सूचकहरू समावेश गरी नक्शामा उतारिएको र उपयोगकर्ताले नक्शामा browse र query गरी आफूले चाहेको जस्तो सूचकहरूको नक्शा तयार गर्न मिल्ने गरी, साधारण GIS को कार्यहरू पनि गर्न सकिने अन्तरक्रियात्मक multimedia CD-ROM पनि तयार गर्नु ।

## तथ्याङ्कका श्रोतहरू

नापी विभागबाट २०४५ सालमा तयार गरिएको नेपालको १:२५०,००० मान नापको जिल्ला-तहको स्थलरुप नक्शामा आधारित ICIMOD द्वारा डिजिटाइज गरी तयार गरिएको नेपालको नक्शालाई जिल्ला-तहमा सूचकहरू प्रस्तुत गर्न आधार नक्शाको रुपमा प्रयोग गरिएको छ । धेरैजसो जनसंख्या, सामाजिक र आर्थिक सूचकहरू जनगणना २०५८ को डिजीटल तथ्याङ्कहरूबाट तयार गरिएका थिए (सन्दर्भ सामग्री सूची नं. १६,२६ हेर्नु होस्) र प्रवाह सूचकहरूको मान निकाल्नका लागि विगतका जनगणनाहरूमा प्रकाशित आँकडाहरू प्रयोग गरिएका थिए (सन्दर्भ सामग्री सूची नं. १ देखि १५ सम्म हेर्नु होस्) । जनगणनाबाट प्राप्त सूचना बाहेक अन्य सहायक सूचकहरूको मान निकाल्नको लागि अन्य स्रोतहरू जस्तै कृषि तथा सहकारी मन्त्रालय (१९), स्वास्थ सेवा विभाग (१८), शिक्षा विभाग (१७) र स्टाटिस्टिकल यिअर बुक साथै केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित अन्य सन्दर्भ पुस्तकहरू (२०-२५) बाट प्राप्त सहायक तथ्याङ्कहरू प्रयोग गरिएका थिए । जनगणना सम्बन्धी अन्य बिस्तृत विवरणलाई तल ब्याख्या गरिएको छ । साथै यस सम्बन्धी अन्य थप विवरणहरू सन्दर्भ सामग्री सूचीमा उल्लेखित विभिन्न जनगणनाका प्रकाशनहरूमा उल्लेख गरिएका छन् ।

## नेपालको क्षेत्रफल

प्रशासकीय हिसाबले नेपाललाई ७५ जिल्ला, १४ अंचल र ५ विकास क्षेत्रमा विभाजन गरिएको छ (यस परिचय खण्डको अन्त्यमा समावेश गरिएको नक्शा र पुस्तकको अन्तिम पातोको खल्तीमा राखिएको नेपालको पारदर्शी नक्शा हेर्नु होस्) । जिल्लालाई गाउँ विकास समितिहरू (गा.वि.स.) र नगरपालिकाहरू जस्ता स्थानीय प्रशासकीय एकाइमा विभाजन गरिएको छ । हाल नेपाल अधिराज्यभर ३ हजार ९ सय १५ वटा गा.वि.स.हरू र ५८ वटा नगरपालिकाहरू रहेका छन् । प्रत्येक गा.वि.स. ९ वटा वडाहरू मिलेर बनेको छ, भने नगरपालिकाहरूमा कम्तीमा ९ देखि बढीमा ३५ वटा वडाहरू रहेका हुन्छन् । धरातलीय स्वरुप अनुसार नेपाललाई ३ वटा प्रदेशहरू : उच्च हिमाली प्रदेश, पहाडी प्रदेश र समथर प्रदेश (तराई) मा विभाजन गरिएको छ । यी प्रदेशहरू पूर्व देखि पश्चिमसम्म, उत्तरी सिमानामा रहेको उच्च हिमाली क्षेत्रदेखि दक्षिणमा तराईको समथर भू-भाग सम्म लगभग समानान्तर रुपले फैलिएका छन् । नेपालको सामान्य परिचय अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## नेपालको जनगणना

जनगणनाबाट प्राप्त तथ्याङ्कले देशको मानव श्रोतसाधनको जानकारी उपलब्ध गराउँदछ । यसमा जनसंख्या, जनसंख्या बृद्धिको विशेषताहरू पेशागत स्थिति र विभिन्न सामाजिक तथा आर्थिक पक्षको दृष्टिबाट जनसंख्याको वितरण सम्बन्धी विवरणहरू देखाइएको हुन्छ । जनगणनाको प्रमुख उद्देश्य भनेको देशमा रहेका ब्यक्तिहरूको गणना गर्नु हो ।

नेपालमा पहिलो जनगणना वि.स. १९६८ मा भएको थियो र त्यसपछि करीव प्रत्येक दश-दश वर्षमा जनगणनाहरू संचालन हुँदै आएका छन् । वि.सं. १९६८, १९७७, १९८७ र १९९८ मा सम्पन्न भएका जनगणनाहरू वास्तवमा सामान्य ब्यक्ति गणना मात्र थिए । वि.सं. २००९ र २०११ मा दुई चरणमा सम्पन्न भएको पाँचौ जनगणना अन्तर्राष्ट्रिय प्रामाणिक मान्यताहरू अनुरुप पहिलो पटक संचालन भएको जनगणना थियो । यस पछिका जनगणनाहरूमा संकलित तथ्याङ्कको दायरा क्रमश: फराकिलो र सुधार हुँदै गएको देखिन्छ । वास्तवमा जनगणना एक बृहत कार्यक्रम हो । यसको संचालनमा ठूलो मात्रामा स्रोतसाधनहरूको आवश्यकता पर्ने भए तापनि यी स्रोतसाधनहरू हाम्रो जस्तो मुलुकमा प्राय: संधै सीमित मात्र रहँदै आएको पाइन्छ । ती सीमित स्रोतसाधनहरूलाई बढ्दो सूचना तथा तथ्याङ्कको मागलाई परिपूर्ति गर्न प्रभावकारी ढंगबाट उपयोग गरिनु पर्दछ । यस कुरालाई समेत ध्यानमा राखी, वि.सं. २०५८ को जनगणनामा पहिलो पटक छनौट विधि लागू गरी छनौटमा परेका घरपरिवारहरूबाट विभिन्न थप विषयहरू बारे बिस्तृत विवरणहरू संकलन गरिएको थियो ।

नेपालमा नियमित जनसंख्या तथा घरपरिवार सर्वेक्षण कार्यहरू र अद्यावधिक पञ्जिकीकरण प्रणालीको विकास भइ नसकेको अवस्थामा केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रत्येक दश-दश वर्षमा संचालन हुने जनगणनाहरू नै जनसंख्या तथा योसंग सम्बन्धित अन्य पक्षका महत्वपूर्ण सूचना तथा तथ्याङ्कको प्रमुख स्रोत रहँदै आएको छ ।

## नेपाल राष्ट्रिय जनगणना २०५८

नेपालमा दशौं राष्ट्रिय जनगणना वि.सं. २०५८ को जेष्ठ/आषाढ महिनामा संचालन भएको थियो । उक्त जनगणनामा लैंगिक विषयहरू, आम संचार, जनगणना जागरणका साथै महिला, बालबालिका र अपाङ्गता सम्बन्धी विषयमा विशेष ध्यान दिइएको थियो । हाल प्रशासकीय विभाजनको स्थानीय एकाई जस्तै गाउँ विकास समिति (गा.वि.स.) र नगरपालिका-तहसम्मको गणना तथ्याङ्कहरू उपलब्ध छन् ।

### प्रमुख विशेषताहरू

जनगणना २०५८ ले पहिलेका जनगणनाहरू भन्दा परिवारले उपयोग गर्ने सुविधाहरू, जग्गामा महिलाको स्वामित्व, बिस्तारित आर्थिक क्रियाकलाप जस्ता थप प्रश्नहरू पनि समावेश गरी व्यापक विषयगत क्षेत्रहरूलाई ओगटेको थियो । जनगणना २०५८ को प्रमुख विशेषताहरू निम्न अनुसार थिए ।

- पहिलेका जनगणनाहरूमा जस्तै सबै व्यक्तिहरूको पूर्ण गणना गरिएको थियो ।
- गणनामा लैंगिक विषयबस्तुहरूलाई जोड दिइएको थियो : महिला र महिला सशक्तीकरणसंग सम्बन्धित थप प्रश्नहरू संकलन गरिनुका साथै जनगणनाको कार्यको सिलसिलामा लैंगिक चेतनामूलक कार्यक्रमहरू पनि संचालन भएका थिए ।
- यो जनगणनामा दुई प्रकारका प्रश्नावली लगत फारमहरूको प्रयोग भएका थिए । यस अनुसार लगत १ पूर्ण गणना (शत प्रतिशत गणना) का लागि र लगत २ छनौट विधिबाट छनौटमा परेका घरपरिवारहरूको विवरण संकलनका लागि प्रयोग गरिएको थियो ।
- पहिलेका जनगणनाहरूमा भन्दा बढी प्रश्नहरू समावेश गरिएका थिए ।
- आर्थिक क्रियाकलाप सम्बन्धी आर्थिक पेशा र आर्थिक व्यवसायको वर्गीकरणलाई परिमार्जन गरिएको थियो ।
- विशेष गरी नगर क्षेत्रहरूमा गणना नक्शाको प्रयोग गरिएको थियो ।
- जनगणनाबारे व्यापक प्रचार-प्रसार गरिएको थियो ।
- विस्तारित आर्थिक क्रियाकलाप सम्बन्धी विवरण पनि संकलन गरिएको थियो ।

### प्रश्नावलीहरू

जनगणनामा दुई वटा छुट्टाछुट्टै प्रकारका प्रश्नावली लगतहरू प्रयोग गरिएका थिए, जसमध्ये लगत १ सम्पूर्ण परिवार र व्यक्तिको गणना गर्न र लगत २ छनौट विधिद्वारा छानिएका परिवारको गणना गर्नका लागि प्रयोग गरिएको थियो ।

- लगत १ मा समावेश गरिएका विवरणहरू यस प्रकार थिए : परिवारले प्रयोग गरेको घरको प्रकार, परिवारले प्रयोग गरेको घरको स्वामित्व, कृषि प्रयोजनका लागि चलन गरेको जग्गा र यसको क्षेत्रफल, पाल्तु चौपाया एवं पंक्षी र तिनीहरूको संख्या, महिलाको घर र जग्गामा स्वामित्व, महिलाको आफ्नो (पेवा, दाईजो/स्त्री धन) पाल्तु चौपाया, कृषि बाहेक अरु साना व्यवसायको संचालन र मुख्य व्यवसाय, परिवारमा अनुपस्थित व्यक्ति विदेश गएका भए ती व्यक्तिहरूको विवरण ।
- लगत १ मा समावेश गरिएका व्यक्तिगत विवरणहरू यस प्रकारका थिए: परिवारका व्यक्तिको नाम, थर, लिङ्ग, उमेर, जात/जाति, मूलीको व्यक्तिसंगको नाता, धर्म, भाषा, नागरिकता र अपाङ्गताको विवरण ।
- लगत २ मा समावेश गरिएका पारिवारिक विवरणहरू यस प्रकारका थिए: परिवारको पिउने पानीको मुख्य स्रोत, खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन, बत्ती बाल्न अक्सर प्रयोग गरिने उर्जा, परिवारको चर्पीको व्यवस्था, परिवारले प्रयोग गर्ने सुविधाहरू, बितेको १२ महिनामा परिवारमा कसैको मृत्युको स्थिति र विवरण ।
- लगत २ मा समावेश गरिएका व्यक्तिगत विवरणहरू यस प्रकारका थिए: परिवारका व्यक्तिको नाम, थर, उमेर, जन्मस्थल, गणना क्षेत्रमा बसोबास गरेको समयावधि (वर्षमा), बसोबास गर्नुको मुख्य कारण, पाँच वर्ष अघि बसोबास गरेको स्थान, पढ्न लेख्न जानेको वा नजानेको, व्यक्तिको पढाईको तह, हाल विद्यालय जाने गरेको वा नगरेको स्थिति, वैवाहिक स्थिति, पहिलो पटक विवाह गर्दाको उमेर, हालसम्म जिउँदै जन्मेका छोरा-छोरीको संख्या, बितेको १२ महिनामा जीवित बच्चा जन्माएको वा नजन्माएको, बितेको १२ महिनामा अक्सर गरेका क्रियाकलापहरू, बितेका १२ महिनामा कुन कुन काम कति कति समय गरेको, व्यक्तिले अक्सर गर्ने गरेको काम, काम गरेको व्यवसाय, आर्थिक काम गर्दाको तह, बितेको १२ महिनामा अक्सर काम नगर्नुको कारण, १६ वर्ष भन्दा मुनिका बालबालिकाहरूको अभिभावकत्वको स्थिति ।

## अवधारणा तथा परिभाषाहरू

प्रश्नावलीमा प्रयोग गरिएका केही विशेष अवधारणा तथा परिभाषाहरू साथै तिनीहरूका केही सम्भाब्य सीमाहरू संक्षेपमा तल उल्लेख गरिएको छ । यस पुस्तकमा प्रस्तुत गरिएका सूचनाहरूलाई सही तरिकाले ब्याख्या गर्न तिनीहरूको अवधारणा र परिभाषाबारे जान्नु आवश्यक हुन्छ । गणनामा प्रयोग गरिएका लगत १ र २ फारमका प्रश्नहरू तथा परिभाषाहरूलाई यसको प्रश्नावली निर्देशिकामा बिस्तृत रुपमा ब्याख्या गरिएको छ । यस प्रश्नावली निर्देशिका (२७) मा उल्लेखित विभिन्न प्रश्नहरू र तिनीहरूको परिभाषाबारे गणना कार्यमा संलग्न गणकहरू तथा सुपरिवेक्षकहरूलाई गणना संचालन हुनु अगाडि बिस्तृत तालीम प्रदान गरिएको थियो । जनगणनामा प्रयोग गरिएका प्रमुख परिभाषाहरू सन्दर्भ सामग्री सूचीमा उल्लेखित केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरूमा अझ बिस्तृत ब्याख्या गरिएको पाइन्छ ।

### अक्सर बसोबासको स्थान

वि.सं. २००९/२०११ देखि प्रत्येक दश-दश वर्षमा संचालन हुँदै आएका जनगणनाहरू मोडिफाइड डे जुरे (modified de-jure) पद्धतिको आधारमा गणना हुँदै आएको छ । अर्को शब्दमा, सबै व्यक्तिहरूलाई उनीहरूको अक्सर बसोबास गरेको स्थानबाट गणना गरिएको थियो । केही समयका लागि आएका पाहुनाहरू, पर्यटकहरू, कुटनीतिक नियोगका विदेशी कर्मचारीहरू, शरणार्थीहरूलाई गणनामा समावेश गरिएको थिएन । घरपरिवारका अनुपस्थित सदस्यहरू जो ६ महिना भन्दा बढी समयदेखि विदेशमा गएका थिए, तिनीहरूलाई परिवारको सदस्यको रुपमा गणना नगरी अनुपस्थित व्यक्तिका रुपमा गणना गरिएको थियो ।

वि.सं. २०५८ को जनगणनामा अक्सर बसोबास गरेको स्थानको परिभाषामा पहिलेका जनगणनाहरू भन्दा केही सुधार गरिएको थियो, जस अनुसार मानिसहरू आफ्नो घर भएको स्थानमा वा काम गर्ने स्थानमा वा ब्यापार गरेर बसेको स्थानमा वा अध्ययनका सिलसिलामा अक्सर जहाँ स्थायी रुपमा बसोबास गर्छन् वा लामो समयसम्म उक्त स्थानमा बस्ने चाहना राखी बसेका छन्, त्यस स्थानलाई अक्सर बसोबास गरेको स्थान भनेर परिभाषित गरिएको थियो । जेलमा रहेका कैदीहरू, छात्राबासमा बस्ने विद्यार्थीहरू, ब्यारेकमा बसेका सेना तथा प्रहरीहरूलाई उनीहरू

बसोबास गरेको स्थानबाट नै गणना गरिएको थियो । घरबार विहीन व्यक्तिहरू जस्तै सन्त-महात्मा, मगन्ते, जोगी, फिरन्तेहरूको जनगणना दिवसको अघिल्लो दिन उनीहरू जहाँ भेटिएका थिए, सोही स्थानबाट गणना गरिएको थियो ।

**परिवार**

जनगणनामा पारिवारिक र व्यक्तिगत विवरणहरू संकलन गर्ने कार्य 'परिवार' को अवधारणामा आधारित थियो । यस अनुसार एउटा लगत फारम एउटा परिवारको विवरणहरू संकलन गर्न प्रयोग गरिएको थियो । जनगणना २०५८ ले सामान्यतया एउटै आम्दानी-खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपिन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूह (नाता पर्ने वा नाता नपर्ने वा दुबै) लाई परिवार भनी परिभाषित गरेको थियो । यस परिभाषा अनुसार परिवारमा एक्लो व्यक्ति वा एक भन्दा बढी व्यक्तिहरू संगै बसेका हुन सक्दछन् ।

**नगर क्षेत्र**

धेरै प्रकारका सूचकहरू 'नगर' र 'ग्रामीण' क्षेत्रहरूको आधारमा छुट्ट्याई प्रस्तुत गरिन्छ । नेपालमा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिकाको प्रशासकीय सिमाना भित्रको क्षेत्रलाई 'नगर वा शहरी क्षेत्र' को रुपमा परिभाषित गरिएको छ । (धेरै थोरै घर भएका क्षेत्रहरूलाई पनि 'नगर क्षेत्र' मा समावेश गरिएको छ) ।नेपालको ७५ जिल्लाहरू मध्ये ४३ जिल्लाहरूमा ५८ वटा नगर क्षेत्रहरू छन् भने, बाँकी ३२ जिल्लाहरूमा नगर क्षेत्रहरू छैनन् ।

**आर्थिक दृष्टिले क्रियाशील जनसंख्या**

वि.सं. २००९/२०११ मा संचालन भएको जनगणनामा पहिलो पटक आर्थिक दृष्टिले क्रियाशील जनसंख्याबारे विवरण संकलन गरिएको थियो । उक्त गणनादेखि नै हरेक जनगणनामा निरन्तर रुपले आर्थिक दृष्टिले क्रियाशील जनसंख्याको गणना गरिदै आएको छ । जे भए तापनि आर्थिक दृष्टिले क्रियाशील जनसंख्याको अवधारणा तथा परिभाषा एउटा जनगणनादेखि अर्को जनगणनामा केहि परिमार्जन हुँदै आएको पाइन्छ ।

वि.सं. २०१८, २०२८ र २०३८ का जनगणनाहरूमा जसले गणनाको दिन भन्दा अघिल्लो १२ महिनाभित्र लगातार वा पटक-पटक गरी कम्तीमा पनि ८ महिनासम्म नगद वा जिन्सीको रुपमा पारिश्रमिक वा तलव पाउने वा कुनै नाफा/नोक्सान हुने काम गरेका थिए भने, ती व्यक्तिहरूलाई आर्थिक दृष्टिले क्रियाशील जनसंख्या भनी परिभाषित गरिएको थियो । वि.सं. २०४८ को जनगणनामा यस परिभाषामा केही परिमार्जन गरी गणनाको दिन भन्दा अघिल्लो वर्षको १२ महिनाको अवधिभित्र जति अवधि काम गरे पनि उक्त व्यक्तिलाई आर्थिक दृष्टिले क्रियाशील व्यक्तिको रुपमा परिभाषित गरिएको थियो ।

जनगणना २०५८ मा काम गरेको अवधि सम्बन्धी अतिरिक्त प्रश्न थप गरी आर्थिक क्रियाकलाप सम्बन्धी प्रश्नलाई पहिलेका जनगणनामा भन्दा अझ केही परिमार्जित गरिएको थियो । यस प्रकारको सुधार गर्नुको अर्थ यो थियो कि, आर्थिक क्रियाकलापसंग सम्बन्धित गणनाको नतीजालाई पहिलेका जनगणनाहरूका नतीजासंग तुलना योग्य बनाउनुका साथै र परिमार्जित अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको चलन चल्तीसंग पनि दाँज्न मिल्ने बनाउनु हो । आर्थिक क्रियाकलापसंग सम्बन्धित प्रश्नहरू, परिभाषा, अवधारणालाई पनि परिमार्जित अन्तर्राष्ट्रिय मापदण्ड र मान्यता अनुसार सुधार गरिएको थियो । यस अनुसार गणनाको दिन भन्दा अघिल्लो वर्षको १२ महिनाभित्र निरन्तर वा पटक-पटक गरी कम्तीमा ६ महिना वा सो भन्दा बढी समयसम्म सक्रीय रुपले आर्थिक काम गरेको वा सक्रीय रुपले कामको खोजी गरेको व्यक्तिहरूलाई आर्थिक दृष्टिले अक्सर क्रियाशील जनसंख्या भनी परिभाषित गरिएको थियो । आर्थिक 'काम' भन्नाले नगद वा

जिन्सीको रुपमा तलब, ज्याला, नाफा वा पारिश्रमिक लिने गरी रोजगारी पाएका वा आफ्नै व्यवसाय संचालन गरेको र बिस्तारित आर्थिक काम (तल उल्लेख गरिएको) समेतलाई जनाउँछ । यसैले आर्थिक काम अन्तर्गत जिविकोपार्जनको मुख्य पेशा कृषि कार्य समेतलाई समावेश गरिएको छ । राष्ट्रिय लेखा प्रणाली, २०५० अनुसार आर्थिक बस्तु र केहि सेवाको परिभाषामा परिमार्जन गरिएको छ । यस अनुसार पछिल्लो जनगणनामा विशेष गरी नेपाली परिप्रेक्षमा परिवारमा महिलाहरूले गर्ने घरायसी क्रियाकलापहरूलाई समेट्ने हेतुले बिस्तारित आर्थिक क्रियाकलाप सम्बन्धी अतिरिक्त प्रश्न थप गरिएको थियो । यहाँ बिस्तारित आर्थिक क्रियाकलाप भन्नाले आफू वा आनो परिवारको लागि उत्पादन गरिएका बस्तु वा केहि सेवालाई आर्थिक सेवा वा बस्तु जस्तै पानी ल्याउने, खाद्य प्रशोधन (अचार, मस्यौरा, गुन्द्रुक आदि बनाउने), दाउरा संकलन जस्ता कार्यहरूलाई जनाउँछ ।

**गैर-कृषि साना आर्थिक ब्यवसाय**

गैर-कृषि साना आर्थिक ब्यवसाय भन्नाले परिवारको मूली वा कुनै सदस्यले संचालन गरेको (पूँजी, नगद, जिन्सी, श्रम लगानी गरी संचालन गरेको तर नियमित रुपले तलब वा ज्याला दिई अरु कसैलाई नलगाएको), परिवारको आय-आर्जनमा कुनै प्रकारले सघाउ पुग्ने, छुट्टै ब्यवसायको रुपमा पहिचान नभएको (कुनै सरकारी, गैर-सरकारी, वा स्थानीय कार्यालयमा दर्ता नभएको), ब्यवसायको उत्पादन सेवा भए बिक्री गर्ने उद्देश्यले संचालन भएको ब्यवसायलाई जनाउँछ । ब्यवसायमा उत्पादन भएको बस्तु परिवारको उपभोगका लागि वा बिक्री वा दुबैका लागि हुन सक्दछ ।

**घर**

जनगणना प्रयोजनका लागि सामान्यतया चारैतिर गारो/टाटी लगाई छाना हालेर मानिस बस्नका लागि प्रयोग गरिएको एक वा एक भन्दा बढी कोठा वा तल्ला भएको बासस्थानलाई घर भनी परिभाषित गरिएको थियो । यस अनुसार घरलाई यसको गारो र छानोको निर्माणमा प्रयोग गरिएको सामग्री अनुसार तीन प्रकारमा वर्गीकरण गरिएको थियो । पक्की गारो र पक्की छानो भएको घरलाई पक्की घर, पक्की गारो र कच्ची छानो वा कच्ची गारो र पक्की छानो भएको घरलाई अर्ध-पक्की घर, कच्ची गारो र कच्ची छानो भएको घरलाई कच्ची घर को रुपमा परिभाषित गरी विवरण संकलन गरिएको थियो । यस बाहेक मान्द्रो, प्लाष्टिक, पराल, चोया, निगालो, पाल आदिले बनाएको बासस्थानलाई 'अन्य' प्रकारमा समावेश गरी गणना गरिएको थियो ।

## जनगणनाको संचालन

वि.सं. २०५८ को जनगणना कार्य दुई चरणमा संचालन गरिएको थियो । पहिलो चरण अन्तर्गत वि.सं. २०५८ जेष्ठ १ देखि १५ सम्म 'घरपरिवार सूचीकरण' को कार्य संचालन गरिएको थियो । घरपरिवारको सूचीकरणको कार्य सम्पन्न भएको लगत्तै पछि वि.सं. २०५८ जेष्ठ २८ देखि आषाढ १२ सम्म घरपरिवारको गणना कार्य संचालन भएको थियो । वि.सं. २०५८ आषाढ ८ गतेको दिनलाई जनगणनाको सन्दर्भ दिन मानी 'जनगणना दिवस' को रुपमा मनाइएको थियो । घरबार बिहीन ब्यक्तिहरूको गणना जनगणना दिवसको अघिल्लो दिनमा गरिएको थियो ।

लगत १ को मुख्य प्रश्नावली अधिराज्यभरका सम्पूर्ण परिवार र ब्यक्तिका लागि विवरण संकलन गर्न प्रयोग गरिएको थियो भने, लगत २ को नमूना प्रश्नावली फारम प्रत्येक वडामा छनौट विधिबाट छानिएका घरपरिवारको अतिरिक्त बिस्तृत विवरणहरू संकलनका लागि प्रयोग गरिएको थियो । जनगणनामा आधारभूत पारिवारिक तथा ब्यक्तिगत विवरणहरू पूर्ण गणना विधिबाट संकलन गरिएको थियो भने पारिवारिक तथा ब्यक्तिगत विषयसंग सम्बन्धित थप विवरणहरू पूर्ण गणना विधिबाट संकलन गर्दा ठूलो जनशक्ति, धेरै धनराशी, बढी समयको आवश्यकता पर्ने हुँदा उक्त कुरालाई ध्यानमा राखी ती विवरणहरू वैज्ञानिक विधिको रुपमा छनौट विधि अपनाई विवरणहरू संकलन गरिएको थियो ।

जनगणना संचालन गर्नु पूर्व नै छनौट विधिको रुपरेखा तयार गरिएको थियो, र यसै रुपरेखा अनुसार गणना कार्य गर्नु भन्दा पहिले घरपरिवार सूचीकरण गरिएको थियो । यसै सूचीकरणको आधारमा छनौट विधि अपनाउनका लागि निर्दिष्ट गरेका जिल्ला, गा.वि.स., नगरपालिकाहरूका प्रत्येक वडा वा वडाखण्डमा १:८ को अनुपातमा सिस्टमेटिक स्याम्पलिङ्ग (Systrematic Sampling) विधिबाट घरपरिवार छनौट गरी गणना गरिएको थियो । संस्थागत घरपरिवारलाई छनौट विधिमा समावेश गरिएको थिएन । जनघनत्व र जनसंख्याको आकारको आधारमा ६ वटा जिल्लाहरू र ५२ वटा नगरपालिकाहरूमा लगत नं. २ को विवरण संकलनका लागि पूर्ण गणना गरिएको थियो । यसरी छनौट विधिबाट संकलित विवरणहरूलाई ratio estimate विधि अपनाई तथ्याङ्कको अनुमान निकालिएको थियो ।

सारिणीकरण, आँकडा प्रशोधन र छनौट विधिबाट संकलन गरिएको तथ्याङ्कबाट गरिएको अनुमानबारे बिस्तृत विवरण सन्दर्भ सामग्री (सूची नं.१६) मा उल्लेख गरिएको छ ।

## जनगणना तथ्याङ्कको सीमा

### बाधा-व्यवधान

जनगणनाको संचालनक्रममा दुई प्रकारका बाधा-व्यवधानहरू आइपरेका थिए । वि.सं. २०५८ जेष्ठ १९ गते राजदरवारमा भएको दु:खद् घटनाले गणकहरूको तालीम र उनीहरूलाई कार्यस्थलमा खटाउने कार्यमा प्रत्यक्ष असर पुग्न गई गणना कार्य निर्धारित मिति भन्दा अझ ४ दिन बढाउनु परेको थियो । यसको अतिरिक्त देशमा भइरहेको राजनैतिक व्यवधानले १२ वटा जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । अझ खासगरी कालीकोट र सल्यान जिल्लाका अधिकांश भागहरूमा बढी असर परेको थियो भने, बाजुरा, दोलखा, डोल्पा, झापा, जुम्ला, मुगु, सिन्धुली, सिन्धुपाल्चोक, सिराहा र सुर्खेत जिल्लाहरूको केही भागहरूमा गणना कार्य संचालनमा बाधा-व्यवधान परेको थियो । समग्रमा, अधिराज्यभरको ८३ वटा गा.वि.स.हरूमा पूर्ण व्यवधान भएको थियो भने, केही गा.वि.स.हरूमा आंशिक गणना भएको थियो । यसरी गा.वि.स.का ९५५ वटा वडाहरू र नगरक्षेत्रका २ वटा वडाहरूमा गणना कार्य संचालनमा बाधा-व्यवधान भएको थियो ।

जनगणनाको नतीजामा सल्यान र कालीकोटको अनुमानित जनसंख्या र अन्य जिल्लाका गणना हुन नसकेका गा.वि.स., नगरपालिकाका वडा वा वडाखण्डको जनसंख्या परिवार सूचीकरण लगतबाट प्राप्त भएको परिवार संख्या र जनसंख्या (महिला र पुरुष समेतको जनसंख्या) समाविष्ट गरिएको छ । जे भए पनि यी व्यवधान भएका गणना क्षेत्रहरूको गणना सम्बन्धी अन्य बिस्तृत विवरणहरू उपलब्ध छैनन् । केही क्षेत्रहरूमा जहाँ परिवार सूचीकरण पनि हुन सकेन त्यस क्षेत्रको जनसंख्या २०४८ को जनसंख्या र २०५८ को उपलब्ध जनसंख्याको बृद्धिको आधारमा अनुमान गरिएको थियो । २०५८ साल आषाढ ८ गतेको जनगणना दिवसलाई आधारमानी उक्त दिनको सूर्योदयको समयमा नेपालको अनुमानित कूल जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय २३ र कूल परिवार संख्या ४२ लाख ५३ हजार २ सय २० रहेको थियो । यसमा गणना कार्यमा व्यवधान भएका गा.वि.स. र नगरपालिकाहरूका वडाहरूको समेतको अनुमानित जनसंख्या र परिवार संख्यालाई पनि समाविष्ट गरिएको छ । जे भए पनि पारिवारिक र व्यक्तिगत विशेषता सम्बन्धी अन्य बिस्तृत विवरणहरूको तथ्याङ्कीय सारिणीहरू वास्तविक गणना भएको ४१ लाख ७४ हजार ३ सय ७४ परिवार संख्या र २ करोड २७ लाख ३६ हजार ९ सय ३४ जनसंख्यामा आधारित छन् ।

### प्रशासकीय सिमाना परिवर्तन

कुनै भौगोलिक क्षेत्रको लागि प्रस्तुत गरिएको गणना नतीजाले गणना भएको समयको प्रशासकीय भू-भागको क्षेत्रफललाई जनाउँछ । वि.सं. २००९/११ को जनगणना पछि विभिन्न समयहरूमा नेपालको विभिन्न प्रशासकीय विभाजनहरूको क्षेत्रफल र सिमाना विशेषत: जिल्ला, नगरपालिका र गा.वि.स.का (२०४६ सालसम्म गाउँ पञ्चायत र नगर पञ्चायत भनिने गरिन्थ्यो) सिमाना र

क्षेत्रफलमा धेरै पटक परिवर्तन गरिएको थियो । यस प्रकारको सिमाना परिवर्तनले पहिलेको प्रशासकीय विभाजन एकाई र नयाँ प्रशासकीय विभाजन एकाईसंग प्रत्यक्ष तुलना गर्दा असर गरेको हुन्छ । विशेष गरी प्रवाह तथ्याङ्कलाई तुलना गर्दा उल्लेखित कुराहरूलाई बिचार पुऱ्याउनु आवश्यक हुन्छ ।

## जनगणना (र अन्य स्रोत) का आँकडालाई सूचकहरूको रूपमा नक्शामा प्रस्तुतीकरण

### विधि

वातावरणीय प्रणाली अनुसन्धान संस्था (ESRI) को भौगोलिक सूचना प्रणालीमा आधारित ArcGIS platform मा विश्लेषण गरी जनगणना र अन्य स्रोतका आँकडालाई तथ्याङ्कीय विश्लेषण र विधि अपनाएर तयार पारिएको सूचकहरूलाई ICIMOD बाट तयार गरिएको डिजिटल नक्शाको प्रयोगद्वारा विषयगत नक्शाहरू तयार गरिएको थियो ।

यस पुस्तकमा प्रस्तुत सूचकहरूको आफ्नै परिभाषा र सूत्र अनुसार राष्ट्रिय मानका साथसाथै जिल्लागत मानहरू निकालिएका छन् । यी सूचकहरूलाई निम्न विषयगत शीर्षकहरूमा समूहकृत गरिएका छन् : जनसंख्या, आर्थिक क्रियाकलाप, आधारशिला, स्वास्थ्य र वातावरण, शिक्षा, बालबालिका, लैंगिक, कृषि । एउटा भन्दा बढी विषयहरूसंग सम्बन्धित भएका सूचकहरूलाई बढी मिल्दो विषयगत समूहमा बाँडिएको छ । सजिलोसंग हेर्न र दृष्यकल्पना गर्न सरल होस् भन्ने हेतुले प्रत्येक विषयमा नक्शाहरूका लागि छुट्टै रंग वर्णहरू छानिएका छन् । उपर्युक्त हुने स्थानहरूमा Bar र Pie चार्ट जस्ता ग्राफिक्सहरू एउटै नक्शा अन्तर्गत बहुसूचकहरूको अनुपातिक मानहरू प्रस्तुत गर्न प्रयोग गरिएका छन् ।

### सीमा

यस अध्ययनमा प्रयोग भएका तथ्याङ्कहरू माथि उल्लेख भए अनुसार नै मुख्य रुपले जनगणनाका आँकडा साथै अन्य स्रोतका आँकडाहरूबाट लिइएका छन् । असंगतीहरूलाई नियन्त्रण गर्न र तथ्याङ्कलाई स्तरीय बनाउनका लागि यथोचित प्रयासहरू गरिए पनि माथि बर्णन गरिए अनुसार जनगणनाका तथ्याङ्कहरूमा यसको आफ्नो गुण र विशेषता अनुसार निश्चित सीमाहरू थिए । यसको अतिरिक्त जनगणना बाहेक अन्य स्रोतका तथ्याङ्कहरू प्रयोग गर्दा पनि केही समस्याहरू समाविष्ट थिए । विशेषगरी शिक्षा विभागबाट लिइएका तथ्याङ्कहरू सन्दर्भ वर्ष २०५८ को नभई वि.सं.२०५७ मा आधारित छन् । प्राचलहरूको परिभाषामा हुने परिवर्तन, विभिन्न भू-भागको प्रशासकीय विभाजनको सिमानामा हुने बारम्बारको हेरफेरको परिणतिको रुपमा विभिन्न जनगणनाहरूबाट प्राप्त तथ्याङ्कहरू सँधै प्रत्यक्ष तुलनायोग्य हुँदैनन् । यस तथ्यगत कुराले प्रवाह तथ्याङ्कको प्रस्तुतीकरण केही जटिल बनेको थियो । यस कुरालाई सम्बन्धित स्थान वा अध्यायहरूमा उल्लेख गरिएको छ ।

जनगणनाबाट संकलित सबै तथ्याङ्कहरूलाई नक्शामा उतार्न सम्भव नभएकाले केही निर्दिष्ट गरिएका प्रतिनिधिमूलक तथ्याङ्कहरूलाई मात्र नक्शामा प्रस्तुतीका लागि रोजिएका थिए । यहाँ नक्शामा नदेखाइएका तथ्याङ्कीय सूचकहरूमा चासो राख्ने उपयोगकर्ताहरूलाई यसै पुस्तकमा प्रस्तुत गरिएका सूचकहरूलाई समावेश गरी तयार पारिएको अन्तरक्रियात्मक विशेषता भएको सिडी-रोममा आफ्नो रोजाई अनुसारको तथ्याङ्क समूह राखी आफूले चाहे जस्तो सूचकहरूलाई नक्शामा उतार्न सक्ने व्यवस्था छ ।

सूचकहरूको राष्ट्रिय मान, उच्चतम र न्यूनतम मान, जिल्लागत सूचकहरूका साथै यस अनुसारको नक्शाहरूमा कुनै त्रुटी नहोस् भनेर यथोचित ध्यान पुऱ्याइएको छ । यस पुस्तकको तयारीमा संलग्न अध्ययन समूहले भविष्यमा प्रकाशित हुने यस पुस्तकको संस्करणहरूमा अझ सुधार गर्नका लागि उपयोगकर्ताहरू, पाठकहरूबाट उचित सुझाव सल्लाहहरू पाउने आशा गरेको छ ।

### पुस्तकको प्रस्तुति

प्रस्तुत प्रकाशनलाई तीन खण्डमा विभक्त गरिएको छ । यस अनुसार पुस्तकको प्रथम खण्डमा विभिन्न तथ्याङ्कीय आँकडाहरूको पृष्ठभूमि र यसका सीमाहरूलाई बर्णन गरिएको छ । साथै, यसमा जी.आई.एस. तह हरू भएको आधार नक्शा समेत देखाइएको छ ।

दोस्रो खण्डमा जनसंख्या, आर्थिक क्रियाकलाप, आधारशिला, स्वास्थ्य र वातावरण, शिक्षा, बालबालिका, लैंगिक र कृषि गरी ८ वटा विषयगत समूह अन्तर्गत जनगणना २०५८ र अन्य स्रोतहरूबाट तयार गरिएको विभिन्न सूचकहरूको भौगोलिक वितरणलाई प्रस्तुत गरिएका धेरै विषयगत नक्शाहरू प्रस्तुत गरिएका छन् । प्रत्येक सूचकलाई यसको जिल्लागत मानहरूको तालिका, सूचकको परिभाषा र यसको मुख्य परिणामहरूलाई संक्षिप्त ब्याख्या सहित नक्शाको रुपमा प्रस्तुत गरिएको छ ।

पुस्तकको तेस्रो खण्डमा जनसंख्या, आर्थिक क्रियाकलाप, आधारशिला र शिक्षा गरी ४ वटा विषयगत समूह अन्तर्गत विगत चार दशकका जनगणनाहरू (२०२८ देखि २०५८ सम्म) का तथ्याङ्कहरूमा आधारित प्रवाह सूचकहरूलाई प्रस्तुत गरिएको छ । सबै जनगणनाहरूको तथ्याङ्कहरू उपलब्ध नभएको अवस्थामा २ वा ३ वटा प्रवाह नक्शाहरू मात्र भए पनि देखाइएको छ ।

यसै पुस्तकको सहायक सामग्रीको रुपमा पुस्तकमा प्रस्तुत गरिएका सूचकहरू समावेश गरी अन्तरक्रियात्मक CD-ROM पनि तयार गरिएको छ ।

## सन्दर्भ सामग्रीहरू

### तथ्याङ्कका स्रोतहरू


१. Central Bureau of Statistics, Kathmandu, 1975 — Population Census 1971, General Characteristics Tables, Vol.1
२. Central Bureau of Statistics, Kathmandu, 1975 — Population Census 1971, Social Characteristics Tables, Vol.2, Part II
३. Central Bureau of Statistics, Kathmandu, 1975 — Population Census 1971, Economic Characteristics Tables, Vol.3, Part III
४. Central Bureau of Statistics, Kathmandu, 1975 — Population Census 1971, Selected Locality Tables, Major Urban Vol.5
५. Central Bureau of Statistics, Kathmandu, 1975 — Population Census 1971, Abstracts
६. Central Bureau of Statistics, Kathmandu, 1984 — Population Census 1981, General Characteristics Tables, Vol.1, Part I
७. Central Bureau of Statistics, Kathmandu, 1984 — Population Census 1981, Social Characteristics Tables, Vol.1, Part III
८. Central Bureau of Statistics, Kathmandu, 1984 — Population Census 1981, Economic Characteristics Tables, Vol.1, Part IV
९. Central Bureau of Statistics, Kathmandu, 1984 — Population Census 1981, Urban Area Tables, Vol.III
१०. Central Bureau of Statistics, Kathmandu, 1993 — Population Census 1991, General Characteristics Tables, Vol.1, Part I
११. Central Bureau of Statistics, Kathmandu, 1993 — Population Census 1991, Social Characteristics Tables, Vol.1, Part VI
१२. Central Bureau of Statistics, Kathmandu, 1993 — Population Census 1991, Social Characteristics Tables, Vol.1, Part X
१३. Central Bureau of Statistics, Kathmandu, 1993 — Population Census 1991, Social Characteristics Tables, Vol.1, Part XIII
१४. Central Bureau of Statistics, Kathmandu, 1994 — Population Census 1991, Urban Tables, Vol.II
१५. Central Bureau of Statistics, Kathmandu, 1994 — Population Census 1991, Household Characteristics Tables, Vol.III
१६. Central Bureau of Statistics/UNFPA, Kathmandu, 2002 — Population Census 2001, National Report

| | | |
|---|---|---|
| १७. | **शिक्षा विभाग, भक्तपुर, २०५७** | **विद्यालयस्तरीय नेपालको शैक्षिक तथ्याङ्क, २०५७** |
| १८. | Department of Health Services, Kathmandu, 2002 | Annual Report 2000/2001 |
| १९. | Ministry of Agriculture and Cooperatives, Kathmandu, 2001 | Statistical Information on Nepalese Agriculture 2000/2001 |
| २०. | Central Bureau of Statistics, Kathmandu, 1987 | Population Monograph of Nepal |
| २१. | Central Bureau of Statistics, Kathmandu, 1987 | Statistical Year Book of Nepal 1987 |
| २२. | Central Bureau of Statistics, Kathmandu, 1995 | Population Monograph of Nepal |
| २३. | Central Bureau of Statistics, Kathmandu, 1995 | 1991 Nepal Population Data Sheets (Districts) |
| २४. | Central Bureau of Statistics, Kathmandu, 1997 | Statistical Year Book of Nepal 1997 |
| २५. | Central Bureau of Statistics, Kathmandu, 1995 | Statistical Year Book of Nepal 1995 |
| २६. | Central Bureau of Statistics/UNFPA, Kathmandu, 2002 | CD on Nepal National Population Census 2001 |

**अतिरिक्त सूचनाका स्रोतहरू**

| | | |
|---|---|---|
| २७. | **केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौ, २०५८** | **राष्ट्रिय जनगणना २०५८, प्रश्नावली निर्देशिका** |
| २८. | Central Bureau of Statistics, Kathmandu, 2002 | Nepal in Figures 2002 |
| २९. | Central Bureau of Statistics, Kathmandu, 1977 | The Analysis of the Population Statistics of Nepal |
| ३०. | Asian Statistical Institute, Tokyo | Statistical Indicators, (Lecture notes for country course, Kathmandu, 23 Aug-24 Sept 1976) |
| ३१. | ICIMOD, Kathmandu, 1997 | Districts of Nepal, Indicators of Development |
| ३२. | J.M.Singh; B.D. Manandhar (Publishers), Kathmandu 1990 | An Introduction to Mathematical Demography by Dr. M.L.Singh, S.B. Sayami |

# नेपालको प्रशासनिक नक्शा

